नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
**State of Kuwait**

سـفـــارة نيـبـــال
دولة الكويت

## <u>सूचना</u>

नेपालको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि “विदेशमा रही अनौपचारिक रूपमा विप्रेषणको काम/कारोबार (हुण्डी) गरेको वा सङ्कलित रकम नेपाल नपठाएको” गोप्य सूचना परराष्ट्र मन्त्रालयमार्फत अर्थ मन्त्रालय वा सम्बन्धित निकायमा विद्युतीय माध्यमबाट पठाउनुपर्ने नीतिगत व्यवस्था भएबमोजिम यस दूतावासले नियमित रूपमा प्रत्येक महिना त्यस्ता सूचना तथा तथ्याङ्कहरू परराष्ट्र मन्त्रालयमा पठाउँदै आएको छ।

अतः कुवेत तथा इराकमा बसोबास गर्ने कुनै पनि व्यक्ति वा संस्थाले अनौपचारिक रूपमा विप्रेषण (हुण्डी) सम्बन्धी कुनै किसिमको कारोबार नगर्नु/नगराउनुहुन अनुरोध गरिन्छ। साथै, कसैले यस्तो गैरकानूनी कारोबार गरेको/गराइरहेको पाइएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्थाको विवरण प्रमाणसहित यस दूतावासको ईमेल ठेगाना: kuwaitnepalembassy@gmail.com मा उपलब्ध गराई गैरकानूनी वित्तीय कारोबार (हुण्डी) निरुत्साहित गर्ने कार्यमा सहयोग गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। यहाँहरूले दिनुभएको जानकारी अत्यन्त गोप्य रहने/राखिने व्यहोरा समेत अनुरोध गरिन्छ।

नेपाली राजदूतावास, कुवेत
मिति : २०८३।०१।१६